# प्राथमिक तहको छात्रवृत्तिले विद्यालय पुनः प्रवेशमा पार्ने प्रभाव

स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्ष शैक्षिक योजना तथा व्यवस्थापन विषयको
आंशिक आवश्यकता परिपूर्तिका लागि शैक्षिक योजना
तथा व्यवस्थापन विभागमा प्रस्तुत

## शोधपत्र


प्रस्तोता

दक्षमणि नेपाल

एम.एड. दोस्रो वर्ष

परीक्षा रोल नं. २१४००१७/२०६३

त्रि. वि. दर्ता नं. १०११३-९२

क्या. द. नं. ७५/२०६१

**सुकुना बहुमुखी क्याम्पस**

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ


२०६७

# प्राक्कथन

यो शोध अध्ययन त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्नातकोत्तर तहको शैक्षिकोपाधिका लागि तयार पारिएको हो । मोरङ जिल्ला, उर्लाबारी स्रोतकेन्द्रअन्तर्गतका १२ विद्यालयहरूबाट प्राप्त गरिएका अभिलेख, प्रश्नावली र सामूहिक छलफलबाट प्राप्त तथ्यहरूका आधारमा यो शोधपत्र तयार पारिएको छ ।

यो शोध अध्ययन अगाडि बढाउने क्रममा अमूल्य सुझाव, सल्लाह प्रदान गरी मार्गदर्शन गर्नुहुने आदरणीय गुरु शोधनिर्देशक श्री ऋषिराज धिमालप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी अध्ययन अनुसन्धान कार्यमा विविध तथ्याङ्कहरू उपलब्ध गराएर सहयोग गर्नुहुने उर्लाबारी स्रोतकेन्द्रका स्रोतव्यक्ति गणेश दाहाल र सम्बद्ध विद्यालयका प्रधानाध्यापकहरूज्यूहरूप्रति पनि विशेष धन्यवाद प्रदान गर्दछु । प्रश्नावली भरेर अध्ययनलाई सहयोग पुऱ्याउनुहुने शिक्षकहरू, अभिभावकहरू, विद्यार्थीहरू र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीज्यूहरू पनि धन्यवादका पात्र हुनुहुन्छ । अनुसन्धान कार्यलाई अगाडि बढाउन हरतरहले सहयोग पुऱ्याउने जीवनसाथी लक्ष्मी गुरागाईं, अनुसन्धान कार्यमा रचनात्मक सुझाव दिनुहुने मित्र जगतमणि गौतम र अमूल्य सुझावसहित कम्प्युटर टाइप गरिदिनुहुने मित्र रोहिणी घिमिरेप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

**दक्षमणि नेपाल**

# शोधसार

यस अध्ययनको शीर्षक **प्राथमिक तहको छात्रवृत्तिले विद्यालय पुनः प्रवेशमा पार्ने प्रभाव** विद्यालय छाडेका बालबालिकालाई पुनः प्रवेश गराउन छात्रवृत्तिले पुऱ्याउने सहयोग खोजी गर्न छनौट गरिएको हो । विद्यालय छाडेका बाल बालिकालाई शिक्षाको मूलधारमा समाहित नगरेसम्म सबैका लागि शिक्षाका लक्ष्यहरू पूरा हुन नसक्ने हुँदा त्यस्ता विद्यार्थीहरूलाई विद्यालयमा पुनः प्रवेश गराउन विविध कार्यक्रमहरू सञ्चालन भइरहेको भए तापनि विद्यालय पुनः प्रवेशको अवस्था सन्तोषजनक नभएकोले विद्यालय पुनः प्रवेशमा छात्रवृत्तिको प्रभाव विश्लेषण गर्ने मुख्य उद्देश्य राखेर अध्ययनलाई छनौटमा परेका सामुदायिक विद्यालयका प्राथमिक तहमा शैक्षिक सत्र २०६५ मा वितरित दलित छात्रवृत्तिमा सीमित गरिएको थियो । शोध अध्ययनलाई मोरङ जिल्ला उर्लाबारी स्रोतकेन्द्रअन्तर्गत उर्लाबारी, मधुमल्ला र राजघाट गाविसमा सञ्चालित सामुदायिक विद्यालयहरूमध्ये यादृच्छिक नमूना छनौट विधिबाट नमूना विद्यालयहरू छनौट गरी सोही विधिबाट पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थी, अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापकहरू र स्रोतव्यक्ति छनौट गरी प्रश्नावली, सामूहिक छलफल र स्थलगत सर्वेक्षणबाट तथ्याङ्क सङ्कलन गरिएको थियो ।

दलित छात्रछात्रामध्ये ९७% ले मात्र दलित छात्रवृत्ति प्राप्त गरेकामा कक्षागत उमेरका विद्यार्थी सबैभन्दा बढी र कम उमेरका विद्यार्थी सबैभन्दा कम भेटिएको छ । पुनः प्रवेश दर समग्र विद्यार्थीमा भन्दा दलित विद्यार्थीमा दश प्रतिशतले बढी हुनुका साथै छात्रा तथा छात्र पुनः प्रवेश दर पनि समग्र विद्यार्थीमाभन्दा दलित विद्यार्थीमा बढी देखिन्छ । दलित विद्यार्थीमा पुनः प्रवेश दर कक्षा १ मा सबैभन्दा बढी र माथिल्ला कक्षाहरूमा क्रमशः घट्दै गएको र छात्राको भन्दा छात्रको उच्च रहेको छ । पुनः प्रवेशमा प्रभाव पार्ने तत्वको रूपमा छात्रवृत्तिलाई ५०% विद्यार्थीहरू, ५०% अभिभावकहरू, ४०% शिक्षकहरू र ३७.५% विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले स्वीकारेका छन् ।

पुनः प्रवेश दर बढाउन छात्रवृत्ति सबैभन्दा प्रभावकारी उपाय देखिन्छ । पुनः प्रवेश र भर्नादर बढाउनु, दलित बालबालिकाका आवश्यकता पूरा गर्न सहयोग पुग्नु, विद्यालय शिक्षाप्रति सकारात्मक धारणाको विकास हुनु आदि दलित छात्रवृत्तिका सकारात्मक पक्षहरू हुन् भने नकारात्मक पक्षहरूमा रकम न्यून हुनु, जातीय भेदभाव र छुवाछुतको भावना बढ्न

सक्नु, रकम सदुपयोग मात्र हुन नसक्नु, अनुगमन, मूल्याङ्कन नहुनु र विपन्न गैरदलित बालबालिकामा नैरास्यताको भावना पैदा हुनु आदि हुन् ।

परीक्षा परिणाम र विद्यालय नियमिततामा आधारित गरेर दलित छात्रवृत्तिलाई किस्ताबन्दीमा वितरण गरिनुपर्ने, विद्यालयमै छात्रवृत्ति कोषको स्थापना गर्नुपर्ने, छात्रवृत्तिको दायरा लचिलो बनाइनुपर्ने, विद्यालय पुनः प्रवेश भएका सम्पूर्ण विद्यार्थीलाई छात्रवृत्ति दिइनुपर्ने, औपचारिक कार्यक्रम गरेर छात्रवृत्ति वितरण गरिनुपर्ने, विद्यालयलाई जिम्मेवार र पारदर्शी बनाइनुपर्ने, प्रभावकारी अनुगमन, मूल्याङ्कन गरिनुपर्ने र दुरूपयोग गर्नेलाई कार्वाही गरिनुपर्ने सुझावहरू प्रस्तुत गरिएको छ ।

**दक्षमणि नेपाल**

# विषयसूची

## परिच्छेद : एक

## परिचय


१. १. अध्ययनको पृष्ठभूमि १

१. २. समस्याको कथन ५

१. ३. अध्ययनको औचित्य ६

१. ४. अध्ययनका उद्देश्यहरू ७

१. ५. अनुसन्धानात्मक प्रश्नहरू ७

१. ६. अध्ययनको परिसीमा ७

१. ७. शब्दावलीको अर्थ र परिभाषा ८


## परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका


२. १. सम्बन्धित साहित्यको पुनरावलोकन ९

२. १. अध्ययनको सैद्धान्तिक खाका १०

२. ३. अध्ययनको शैक्षिक उपादेयता १२


## परिच्छेद : तीन

## अध्ययन विधि


३. १. अनुसन्धानात्मक ढाँचा १३

३. २. तथ्याङ्क सङ्कलन प्रक्रिया १३

३. २. १. नमूना जनसङ्ख्या १३

३. २. २. नमूनाको आकार १३

३. २. ३. नमूना छनौट विधि १४

३. २. ४. नमूना छनौटको आधार १४

३. ३. अनुसन्धानका साधनहरू १४

३. ३. १. सर्वेक्षण फारम १४

३. ३. २. अन्तर्वार्ता प्रश्नावली १४
३. ३. ३. सामूहिक छलफल १४
३. ४. तथ्याङ्कका स्रोतहरू १५
३. ४. १. प्राथमिक स्रोत १५
३. ४. २. द्वितीय स्रोत १५
३. ५. तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण प्रक्रिया १५

## परिच्छेद : चार

## तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

४. १. अध्ययन क्षेत्रका विद्यार्थीहरूको जातिगत अवस्था १७
४. २. प्राथमिक तहको छात्रवृत्ति र छात्रवृत्ति पाउने विद्यार्थी सङ्ख्या १८
४. ३. प्राथमिक तहमा दलित छात्रवृत्ति वितरणको अवस्था १९
४. ३. १. दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको उमेरगत लैङ्गिक अवस्था १९
४. ३. २. दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको जातिगत अवस्था २०
४. ३. ३. छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको कक्षागत लैङ्गिक अवस्था २२
४. ३. ४. प्रश्नावली र सामूहिक छलफलबाट प्राप्त जानकारी २३
४. ४. छात्रवृत्तिको विद्यालय पुनः प्रवेशमा प्रभाव २६
४. ४. १. अध्ययन क्षेत्रको विद्यार्थी भर्ना सम्बन्धी अवस्था २६
४. ४. २. पुनः प्रवेश भएका विद्यार्थीहरूको अवस्था २७
४. ४. २. १. विद्यालय छाड्ने र पुनः प्रवेश हुने विद्यार्थी सङ्ख्या सम्बन्धी विद्यालयगत लैङ्गिक अवस्था २७
४. ४. २. २. विद्यालय छाडेका र पुनः प्रवेश भएका दलित विद्यार्थीहरूको कक्षागत लैङ्गिक अवस्था ३०
४. ४. ३. पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको विद्यालय नियमितता ३१
४. ४. ४. पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको परीक्षा परिणाम ३२
४. ४. ५. प्रश्नावलीबाट प्राप्त विवरण ३४
४. ४. ५. १. छात्रवृत्तिले पुनः प्रवेश दर बढाएको ३४

४. ४. ५. २. विद्यालय पुनः प्रवेश गराउन सहयोग गर्ने तत्वहरू ३५
४. ४. ५. ३. पुनः प्रवेश भएका बालबालिकाहरूलाई सधैं विद्यालय पठाउन सम्बन्धित निकायले चाल्नुपर्ने कदमहरू ३६
४. ४. ६. सामूहिक छलफलबाट प्राप्त जानकारी ३७
४. ५. दलित छात्रवृत्तिका सवल पक्षहरू ३९
४. ५. १. शिक्षकहरूबाट जानकारी भएका छात्रवृत्तिका सवल पक्षहरू ३९
४. ५. २. विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले उल्लेख गरेका छात्रवृत्तिका सवल पक्षहरू ३९
४. ६. दलित छात्रवृत्तिका समस्याहरू ४०
४. ६. १. अभिभावकहरूले औंल्याएका समस्याहरू ४०
४. ६. २. शिक्षकहरूबाट उठान गरिएका समस्याहरू ४०
४. ६. ३. प्रधानाध्यापक र स्रोतव्यक्तिले उल्लेख गरेका समस्याहरू ४१
४. ७. छात्रवृत्तिलाई प्रभावकारी बनाई पुनः प्रवेश दर बढाउने उपायहरू ४२
४. ७. १. विद्यार्थीहरूबाट प्राप्त विवरणहरू ४२
४. ७. २. अभिभावकहरूले उल्लेख गरेका विवरणहरू ४२
४. ७. ३. शिक्षकहरूले जोड दिएका उपायहरू ४३
७. ७. ४. वि. व्य. स. पदाधिकारीहरूबाट व्यक्त विचारहरू ४४
४. ७. ५. प्रधानाध्यापक र स्रोतव्यक्तिबाट उल्लेखित उपायहरू ४४

## परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरू

५. १. प्राप्ति ४६
५. २. निष्कर्ष ४८
५. ३. सुझावहरू ४९
सन्दर्भसूची
अनुसूचीहरू